# अद्‌वैत संसारमा द्‌वैत अभ्यास

**भक्त बहादुर शाही, उपप्राध्यापक**
*काठमाडौ शिक्षा क्याम्पस*

***सार संक्षेप***

*आँखाले हेर्दै जाँदा संसारमा विचित्र देखिन्छ । एउटा व्यक्ति र अर्को व्यक्तिविच समानता देखिँदैन । एउटा प्राणी र अर्को प्राणीबिच धेरै असमानताहरु देखिन्छन् । एउटा वस्ती र अर्को बस्तीविच भौगोलिक असमानता देखिन्छ । यस्तो विविधता विशेषतः जैविक र प्राकृतिक रूपमा देखा पर्दछ । यी सबै विविधतापूर्ण अवस्थालाई जनाउने एउटै शब्द द्‌वैतवाद (Dualism) हो । तर यी फरक फरक अभ्यासहरु चाहे प्राकृतिक हुन् या मानव निर्मित यिनलाई चलाउने एउटै दृष्टिकोण छ त्यो हो अद्‌वैत (Non-dual) दृष्टिकोण । अद्‌वैत दृष्टिकोणको विशिष्ट लक्षण 'माया' हो ।*

**विषय प्रवेश**

द्‌वैत र अद्‌वैत दृष्टिकोणलाई बुझ्न मायाको भूमिका जान्नु पर्ने हुन्छ । मायाको संसार विशाल छ । त्यसै मायाको संसारलाई मायावाद भनिन्छ । संसारका प्राणी जगत्‌ले मायाको स्वरूपलाई मानेका छन् । ऋग्‌वेदमा माया शब्द बारम्बार प्रयोग भएको पाइन्छ । यसको प्रयोग साधारणतया देवताहरुले गरेको पाइन्छ । देवताहरुको अलौकिक शक्तिको संङ्केत गर्नका लागि मायाको प्रयोग गरिएको थियो । हाम्रा प्राचीन ग्रन्थहरुमा मायाको प्रशंसा गर्दै भनिएको छ, 'माया' एउटा जगत्‌को धारण गर्ने शक्ति हो । -ऋग्‌वेद (३:३८, ७:,९:८३, १:१५९,४:५:८५,५)

राक्षसहरुको विशेष शक्तिकेन्द्र माया हो । ऋग्‌वेदको प्रसिद्ध ऋचा, ६: ४७, १८ मा इन्द्रका बारेमा भनिएको छ कि इन्द्रले आफ्नो अलौकिक शक्ति अर्थात् मायाका धेरै रूप धारण गर्न सक्छन् । यस सम्बन्धमा वेदमा भनिएको छ :

**रूपं रूपं प्रतिरूपो वभव**

**तदस्य रूपं प्रतिचक्षणाय ।**

**इन्द्रो मायाभिः पुरुरूपं इचेत**

**युक्ता हास्य हरयः शतादश ॥**

अर्थात् इन्द्र भगवान्‌का प्रत्येक रूपमा मायाको कल्पना गरिएको छ । इन्द्रले आफ्नो मायारूपी अद्‌भुत शक्तिद्‌वारा अनेक रूप बदल्न सक्छन् । मायारूपी हजारौँ घोडाहरु इन्द्रले तयार गर्न सक्छन् । छिन छिनमा आफ्नो रूप बदल्न सक्छन् । यो अद्‌भूत शक्ति मायाको रूप हो ।

ऋग्‌वेदको ऋचा (१०: ५४,२) मा भनिएको छ,, हे इन्द्र तिमीले शरीररूप प्राप्त गरेर मानव जातिभित्र माया भरि दियौ । अतः मानव मायाद्‌वारा आच्छादित छ ।

प्रश्न उपनिषद् (१:१६) मा माया शब्दको अर्थ एउटा भ्रम *(Illusion)* का रूपमा प्रयोग गरिएको छ। श्वेताश्वर उपनिषद् (४: १९) अथवा भगवद् गीता (४:५-७, १८: ६१) मा भनिएको छ- हामीलाई एक शरीरधारी ईश्वरको विचार मिल्दछ जसमा माया दिइएको हुन्छ। त्यही माया रूपलाई यथार्थ मानिन्छ।

वास्तविक ब्रम्ह तथा अवास्तविक भौतिक जगत्तमा एक आपसमा सम्बन्ध कसरी भयो होला? शङ्करको विचारमा यही प्रश्नलाई वेठिक भनिएको छ। विशुद्ध ब्रम्हको रूप पाउन सकिँदैन। ब्रम्हका रूपहरु अनगिन्ती हुन्छन्। म अथवा हामी पनि ब्रम्हका स्वरूप हौं। ब्रम्ह खोज्न कहीं धाउनु पर्दैन। म नै ब्रम्ह हुँ त्यसैले अहम् ब्रह्मस्मि भनिन्छ। ब्रम्हको सम्बन्ध जगत् (संसार) सँग हुन्छ।

तर्क गर्दै जाँदा हाम्रो दृष्टिकोण पनि बदलिन्छ। एउटा कुनै काल्पनिक समस्याको वास्तविक एउटै समाधान हुन सक्दैन। त्यसका अलावा कुनै पनि सम्बन्धका लागि दुई वटा फरक फरक पदार्थको पूर्ण कल्पना गर्नु आवश्यक हुन्छ। यदि ब्रम्ह र यो संसारको एक आपसमा सम्बन्ध छ भने तिनलाई पनि भिन्न रूपले हेर्नु पर्ने आवश्यकता हुन्छ।

अद्वैत वादको विचारमा यो संसार ब्रम्हवाट अलग छैन। संसार म वा हामीभित्रै छ। ब्रम्ह र जगत् अनन्य छन्। यी दुई वटाको बिच सम्बन्धको प्रश्न उठ्न सक्दैन। यो संसारको आधार ब्रम्हको भित्र छ। यो संसार र ब्रम्हको तादाम्यता छ। त्यसैले यो संसार र ब्रम्हको बिच कुनै अन्तर छैन। यो संसार नै ब्रम्ह हो। ब्रम्ह र यो संसार एउटै हो। यदि हामीलाई ब्रम्हको ज्ञान भयो भने यस संसारका सम्पूर्ण कौतूहलपूर्ण प्रश्नहरु स्वतः समाप्त भएर जान्छन्। ब्रह्म शान्त अनन्त छ। शान्त मनले नै अनुभवी जगत्को यथार्थ रूपको चिन्तन गर्दछ ।

शङ्कराचार्यका विचारमा ब्रम्ह र यो भौतिक संसारको सम्बन्धको व्याख्या तर्कपूर्ण विधिबाट असम्भव छ। कुनै न कुनै प्रकारले यस भौतिक जगत्को अस्तित्व रहेको हुन्छ। ब्रम्हसँग यसको सम्बन्ध कुनै न कुनै रूपमा अनिर्वचनीय छ।

सूर्य सधैँ चम्कि रहन्छ। कुनै वेला वर्षाका कारणले, बादलका कारणले, रातका कारणले सूर्यलाई देख्न सकिँदैन। यसो हुँदैमा सूर्यको अस्तित्व छैन भन्न मिल्दैन। यो भनाइले ब्रह्मको सत्तातर्फ इङ्गित गर्दछ।

अद्वैतवादीका अनुसार 'माया' ब्रम्हवाट अलग हुन सक्दैन किनकि ब्रम्ह वरावर अरू कुनै सत्ता हुन सक्दैन। त्यो सत्ताभित्रै मायाको सत्ता विलुप्त छ। मायाले रूपको सृष्टि गर्छ। मायाले ईश्वरको शक्तिलाई प्रकट गर्दछ। लौकिक जगत्को उत्पत्ति गर्दछ। मायाका दुई वटा लक्षणहरु हुन्छन्। आवरण अर्थात् सत्यलाई लुकाउन सक्ने क्षमता। मायाको कारणले हामीलाई ब्रह्मको निरपेक्ष स्थानमा अन्य कुनै वस्तुको वोध हुन जान्छ। मायाले नित्य ब्रम्हको स्वरूपलाई पनि हाम्रो दृष्टिवाट ओझेल पारि दिन्छ। यसबाट यो सिद्ध हुन्छ कि मायाका दुई वटा व्यापार हुन्छन्। यथार्थ सत्तालाई लुकाउनु, झुट्ठोलाई सत्यका रूपमा प्रकटीकरण गर्नु। त्यसैले माया छली रूपमा हुन्छ। यो जिन्दगी दुई दिनका लागि देखा पर्छ फेरि विलीन भएर हराउँछ। यो छली रूप मायाको हो। मायाको यो छली रूपलाई अविद्या वा मिथ्या ज्ञान भनिन्छ। छोरो प्रोफेसर छ, डाक्टर छ, इन्जिनियर छ, राष्ट्रपति छ, मन्त्री छ, वकिल छ, उद्योग पति छ, व्यापारी छ, शिक्षक छ छोरी पनि यस्तै छिन् भन्ने सवै भोलि हराएर जान्छन्। यी सम्पूर्ण झुट्ठा छन्। यी सवै मायाका छली रूपहरु हुन्। यी सवै अविद्या हुन्। मिथ्या ज्ञान हुन्। यिनैको पछि हामी दौडि रहेका छौँ।

अर्को व्याख्या छ, माया ईश्वरको शक्ति हो। ईश्वरको भित्री स्थायी बल हो। जुन माया द्वैत रूपमा देखिन्छ। मायाको कुनै खास निवास स्थान हुँदैन। यो ईश्वरको भित्र रहन्छ जसरी आगोमा यो उष्णता रहन्छ।

माया नाम रूपको समान हुन्छ । प्रकृतिको पर्यायवाची शब्द माया रूप हो । जुन असत्का रूपमा हुन्छ ।

पुराणहरुमा यो माया अथवा प्रकृतिलाई ईश्वरकी पत्नीका रूपमा व्याख्या गरिएको पाइन्छ । सृष्टि रचनामा 'मायाले' मुख्य साधनका रूपमा काम गर्दछ। सृष्टिको निरन्तरताका लागि माया र देवताहरु एक अर्कामा परिपूरक देखिन्छन् । यो सम्बन्धले निरन्तरता पाइ रहनु पर्दछ ।

मायाको सम्बन्ध प्रकृतिका तिन गुणसँग रहेको व्याख्या पनि वेदहरुमा पाइन्छ । वृहदारण्यक उपनिषद् (३: ८, ११) मा भनिएको छ, तमोगुणको प्रधानताको कारणले पञ्चतत्त्व (आकाश, जल, पृथ्वी, अग्नि र वायु) उत्पन्न हुन्छन् । यसैमा सत्वगुणको प्रधानताले पञ्चज्ञान इन्द्रियको उत्पति हुन्छ र रजोगुणको प्रधानताले अन्तस्करणको उत्पन्न हुन्छ । पञ्च कर्मेन्द्रियको योगवाट पञ्चप्राण उत्पन्न हुन्छ । यी सवै एकसाथ मिलेर शरीरको जन्म हुन्छ । अतः शरीर र माया पनि परिपूरक छन् ।

वेदहरुमा भनिए अनुसार संसार मायामा आधारित छ । यो संसारचाहिँ ब्रम्हसँग आश्रित छ । तर ब्रम्ह यो संसारबाट कत्ति पनि प्रभावित हुन सक्दैन । यो भौतिक संसार जुन ब्रम्हसँग आश्रित छ माया पनि त्यही व्रह्मसँग आश्रित छ । यो संसार त्यही व्रह्मरूपी एउटै तत्त्वबाट चलायमान छ । यसमा विविधता देख्नु भ्रम हो ।

## अध्ययनको उद्देश्य

यस अनुसन्धानमूलक लेखको अन्तमा शैक्षिक एवम् सामाजिक व्यक्तित्वहरु र विद्यार्थीहरुमा निम्न लिखित व्यवहारमा परिवर्तनको अपेक्षा गरिन्छ :

१) पूर्वीय दर्शन अन्तर्गत मायाको स्वरूप पहिल्याउने ।

२) मायाका विकृतिहरुबाट समाज र विद्यार्थीलाई जोगाउने ।

३) शिक्षण संस्थामा अनुशासन कायम गर्ने ।

४) मायाको ऐतिहासिक स्वरूप पहिचान गर्ने ।

## अध्ययन विधि

यसमा पुस्तकालय अध्ययन विधि,अवलोकन विधि, अन्तर्वार्ता विधि र छलफल विधि अपनाइएको छ। यस अध्ययनका क्रममा समाजमा देखिएका मायाका विकृत रूपहरुबारे समूहमा छलफल गरिएको थियो । ६ वटा विद्यालयहरुका शिक्षकहरुसँग अद्वैत र द्वैत विचारबारे मायावादसँग सम्बन्धित छलफल गरिएको थियो ।

उद्देश्यमा आधारित निर्णयात्मक नमुना छनोट विधि अपनाएर काठमाडौं उपत्यकाभित्रका ६ जना शिक्षकहरुसँग छलफल र अन्तर्क्रिया गरिएको थियो । नमुना छनोटमा पारिएका विद्यालयहरुमा मंगल उच्च माध्यमिक विद्यालय कीर्तिपुर, जनसेवा माध्यमिक विद्यालय कीर्तिपुर, बाघ भैरव माध्यमिक विद्यालय चम्पादेवी, किटिनी उच्च माध्यमिक विद्यालय टौखेल,पाँगा सेकेन्डरी माध्यमिक विद्यालय कीर्तिपुर र जनप्रेमी मा.वी. भक्तपुरका विद्यालयहरुका नेपाली विषयका प्रधानाध्यापकहरुसँग अन्तर्क्रिया गरिएको थियो ।

**शैक्षिक प्रयोग**

**यसका शैक्षिक प्रयोग निम्न लिखित रहेका छन् :**

विद्यार्थीलाई आध्यात्मिक र भौतिक संसारको ज्ञान दिनु । सत्यको ज्ञानप्रति जिज्ञासा सिर्जना गर्नु । मानवीय गतिविधिको समालोचना गर्नु । प्रकृतिको शक्तिबारे ज्ञान दिनु । जन्म, मृत्यु र मानवीय स्वार्थको स्वरूप वताउनु । विविधताको स्वरूप पहिचान गरी विविधतामा एकताको खोजी गर्नु । शिक्षण सिकाइ क्रियाकलापमा देखिने असन्तुलनलाई मायाको ज्ञानले सन्तुलन गर्नु ।

**निष्कर्ष**

प्रकृतिको पर्यायवाची शब्द माया हो । भनिन्छ, भगवान् इन्द्रले आफ्नो शक्ति स्वरूप देखाउन मायाको रचना गरे । माया बन्देज हो । यो छली स्वरूपमा देखिन्छ । यसका रूप अनगिन्ती छन् । मायामा आसुरी प्रवृत्ति देखिन्छ । हामी मायाको जालवाट मुक्त हुन सक्दैनौ तर यसले सृजना गर्ने भ्रमवाट हामी सजग हुनु आवश्यक छ । मायाको संसार विशाल छ, विचित्र छ । यही विचित्रतालाई बुझेर हाम्रा पाठशालाहरुमा गुरु र शिष्यबिचको सम्बन्ध, शिक्षक र अभिभावकबिचको सम्वन्धलाई बलियो रूपमा व्यक्त गर्ने मायाको ज्ञानवाट गर्नु पर्ने हुन्छ ।

समाजलाई निस्वार्थ र चरित्रवान् बनाउन मायाको छली स्वरूप जानेर सजग बनाउन मद्दत मिल्दछ। मायाको संसार विचित्र छ। विचित्र संसार ब्रम्हको गर्भभित्र निहित छ। त्यसैले एउटा तत्त्व ब्रम्हबाट जगत् (संसार) चलायमान छ। अरू विविधतापूर्ण अवस्थाहरु मायाले सृजना गरेका भ्रम मात्र हुन्। यी कुराहरुको बुझाइले मानव समाजमा सकारात्मक प्रभाव पार्ने देखिन्छ।

**सन्दर्भ सूची**


१. छावडा (१९८९), **संस्कृत साहित्यको इतिहास,** नई दिल्ली,हरियाणा

२. कृपामूर्ति, कृष्ण (१९८२), **लीला पुरुषोत्तम भगवानादि कृष्ण,** भक्ति वेदान्त वुक ट्रस्ट, मुंबई ।

३. राधाकृष्ण (२००४), **भारतीय दर्शन, भाग २,** हिन्दी अनुवाद प्रकाशक राजपाल एन्ड सन्ज, कश्मीरी गेट दिल्ली ।

४. कृष्ण, कृपायन (१९९७), **गीतोपनिषद् श्रीमद्भागवत गीता यथारूप,** भक्ति वेदान्त बुक ट्रस्ट, मायापुरी दिल्ली ।

५. कौण्डिन्यायन, शिवराज (२०६२), वैदिक धर्म मूल रूपमा, स्वाद् ध्यायशाला, शिवभक्त मार्ग लाजिम्पाट, काठमाडौं ।

६. लुइटेल (२०६३), **ऋग्वेद-संहिता,** विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ ।

७. सिन्हा (२००५), **पूर्वीय दर्शनको रूपरेखा,** पिलग्रिम्स प्रेम प्राइभेट लिमिटेड, लालपुर, वाराणसी ।